ネパール語

मातृभाषा जापानी नभएका विद्यार्थी तथा अभिभावकहरुका लागि

# बहुभाषिक शैक्षिक भविष्य निर्देशिका





आयोजक: क्योउतो नगरपालिका शिक्षा बोर्ड

सहकार्य: क्योउतो प्रेफेक्चर शिक्षा बोर्ड,
क्योउतो प्रेफेक्चर अन्तर्राष्ट्रिय केन्द्र,
क्योउतो नगरपालिका अन्तर्राष्ट्रिय संध

2024.7.29

## कार्यक्रम परिचय

आफ्नो सपना साकार पार्नको लागि अहिले के गर्न आबश्यक होला ?

त्यो सपना तिर डोर्याउने--**'अगाडिको बाटो'**कस्तो होला, संगै बिचार र छलफल गरौँ/

यहाँहरुको भविष्यको सपना के हो त ? पछि कस्तो काममा लाग्ने बिचार गरिराख्नु भएको छ ? अगाडिको बाटो भनेको यहाँहरुको भबिष्यको सपना तिर लिएर जाने बाटोको बारेमा हो / सपना साकार पार्नका लागि आफ्नो अध्ययनलाई अगाडी बढाउने अथवा कुनै रोजगारीमा लाग्ने भन्ने बारेमा केहि जानी राखौं / अनि अध्ययन गर्ने तरिका, कलेज बिश्वविद्यालय आदिको प्रवेश परिक्षा, थरि थरिका विद्यालय हरुका बिशेषता, पढ्नको लागि आबश्यक हुन आउने खर्च, आदि सबै अत्यन्त आबश्यक जानकारी हुन् / ति जानकारीहरु यस सानो पुस्तिकामा समेटिएको छ / यहाँहरु सबैले आ-आफ्नो भविष्यको यो अत्यन्त महत्वको बाटो बारे बिचार गर्दा यस पुस्तिकामा दिएका जानकारी काम लाग्ने छ भन्ने बिश्वास लिएको छु /

## बिषय सुची


कार्यक्रम परिचय p 1

1. माध्यमिक विद्यालय उतिर्ण भएपछिको बाटो बारे p 2
2. अगाडिको बाटो कसरि तय गर्ने ? p 3
3. माध्यमिक विद्यालय उतिर्ण भएपछिका बिभिन्न बाटाहरु p 4
4. उच्च माध्यमिक विध्यालयको बारेमा p 6
5. सार्वजनिक उच्च माध्यमिक विद्यालय को प्रवेश परिक्षा सम्बन्धमा p 10
6. निजि उच्च माध्यमिक विद्यालय सम्बन्धमा p 16
7. उच्च माध्यमिक विद्यालय बाहेक अरु बाटो p 17
8. आर्थिक सहायता सम्बन्धमा p 18
9. अभिभावकसंग सम्बन्धित कुराहरु p 21

सन्दर्भ सामग्री 1. सारो-गारो परेको बेलामा सरसल्लाह गर्ने ठाउँ p 22

सन्दर्भ सामग्री 2. 'अगाडीको बाटो' सम्बन्धि केहि शब्दावली p 24

अन्तमा p 25

## 1. माध्यमिक विद्यालय  उतिर्ण भएपछिको बाटो बारे

### # अरु माथि अध्ययन गर्ने बा रोजगारीमा लाग्ने

जापानमा माध्यमिक विद्यालय  उतिर्ण हुने विद्यार्थीको 98% उच्च माध्यमिक बा उच्च व्यवशायिक विद्यालयमा जाने गर्छन | जापानि समाजको जिबन व्यवस्था अलि गाह्रो छ / त्यसैले बिशेष ज्ञान अथवा सिप आफ्नो जिबनको लागि अत्यन्त जरुरत हुन आउछ र आफ्नो भविष्यको सपना साकार पारौं भन्ने अधिकांश विद्यार्थीहरु उच्च माध्यमिक बा उच्च व्यवशायिक विद्यालय  खोजि अगाडी बढ्ने गर्छन / हुन त माध्यमिक विद्यालय उतिर्ण हुने बित्तिकै काममा लाग्ने हरु पनि छन / त्यस्तै फेरी काम पनि गर्दै गरेरपढाइ अगाडी बढाउन पाउने विद्यालय पनि छन/

### # अगाडिको बाटो प्रस्ट भएन भने के गर्दा ठिक होला ?

आफ्नो परिबारका सदस्य बा मिल्ने साथि अनि सम्बंधित शिक्षक संग यस बारे कुरा गर्न सकिन्छ/ त्यस्तै विभिन्न सहयोगी संस्था बा समूह पनि मद्दत गर्न सक्छन / नजानेमा आफु एक्लै बसेर चिन्ता गर्ने होइन कि अरु धेरै मान्छेका राय सल्लाह, सुझाब आदि सुनी आबश्यक जानकारी लिएर आफ्नो भबिष्य बारे विचार गर्नु राम्रो हुन्छ /

### # अभिभावक ले जान्नु पर्ने कुरा

जापानको शिक्षण व्यवस्था यहाँहरुको देशको भन्दा सायद केहि फरक हुन सक्छ / बालबालिकाको भबिष्य संग सम्बन्धित अत्यन्त महत्व को कुरा भएकोले धेरै भन्दा धेरै जानकारी लिएर अगाडिको बाटो बारे संगै बसेर बिचार गर्नु होला / यहाँहरुको आफ्नै मातृभाषामा कुरा गरेर सरसल्लाह गर्न सक्ने स्थानहरु पनि धेरै छन / सन्धर्भ सामग्री 1 (P.22～)] मा यस्ता ठाउँ को परिचय दिएको छ / पल्टाएर हेर्नुहोला /

फेरी प्रवेश परिक्षा र उमाबि का व्यवस्था पनि राम्रो संग बुझ्न पर्ने हुन्छ / बर्ष अनुसार नियम फरक हुन सक्छन / त्यस्ता नयाँ कुराहरु सम्बन्धित विद्यालय का शिक्षक संग सोध्नु पर्दछ /

## 2. अगाडिको बाटोकसरि तय गर्ने ?

**# आफ्नो बाटो बारे बिचार गरौं**

माध्यमिक विद्यालय को 3 बर्षको बिचमा अगाडिको बाटो बारेमा केहि जान्ने, केहि हेर्ने र अनुभब गर्ने गतिबिधिहरु हुन्छन / ति गतिबिधि रोजगारी, तथा उमाबि सम्बन्धमा, अनि ति ठाउँहरुमा जाने घुम्ने र अनुभब गर्ने आदि हुन् / विभिन्न भविष्यका सपनाहरु लिएर तिनलाई प्राप्त गर्न यस्ता अध्ययन र अनुभब गर्न पाउने क्रियाकलापमा सक्रिय भइ भाग लिउं /

**# अगाडिको बाटो सम्बन्धमा 1 वर्षको कार्यक्रम [विद्यालय  बा ठाउँ अनुसार फरक पर्छ]**


माध्यमिक विद्यालयमा पढ्दाको तेस्रो अन्तिम 1 वर्ष चाडैनै बितिहाल्छ/ आफ्नो अगाडिको बाटो तय गर्नको लागि योजना बनाएर अगाडी बढ्नु होला/ फेरी प्रवेश परिक्षा दिने हो कि काम खोज्ने हो र कुन विद्यालयमा जांच दिने हो त्यसको अन्तिम निर्णय त दिसम्बर महिनामा हुन्छ/ त्यति समय सम्म शिक्षक अनि आफ्नो अभिभावक संग राम्रो संग सरसल्लाह गरेर मात्र निर्णय गर्नुस/ अब हेरौं अगाडिको बाटो तय गर्ने क्रममा तल दिएको 1 वर्षभित्र को कार्यक्रम–

| | | **माबि मा हुने** | **उमाबीमा हुने** |
|---|---|---|---|
| अप्रिल–जून | | अगाडीको बाटो बारेमा अभिभावक संग सरसल्लाह | उमाबी |
| जुलाई | | अगाडिको बाटो बारे सोधपुछ खोजि आदि | उमाबिहरुको भ्रमण अध्ययन |
| अगस्त | | | |
| सेप्टेम्बर–अक्टोबर | | अगाडीको बाटो बारेमा अभिभावकलाई आबश्यक जानकारी दिने र  सरसल्लाह गर्ने | |
| नोबेम्बर | | अगाडिको बाटो बारेमा सरसल्लाह<br>अगाडिको बाटो बारे सोधपुछ खोजि आदि | |
| डिसेम्बर | | अगाडिको बाटो बारेमा सरसल्लाह, अन्तिम निर्णय | |
| जनवरी | | घरको बिशेष अबस्था भएमा निबेदन, प्रवेश परिक्षा को लागि फारम भर्ने कामको तयारी | रोजगारी को परिक्षा |
| फेब्रुअरी | सुरुमा | प्रवेश परिक्षा को लागि फारम भर्ने कामको तयारी, फारम बुझाउने काम | निजि विद्यालय मा प्रवेश परिक्षा [सिगा, नारा]; चिनबाट फर्की आएका टुहुराहरुका केटाकेटि को बिशेष छनोट |
| | मध्यतिर | प्रवेश परिक्षा को लागि फारम भर्ने कामको तयारी आदि | निजि विद्यालय मा प्रवेश परिक्षा [क्योउतो, ओसाका, ह्योगो];<br>सार्वजनिक  उमावि पहिलो छनोट [बिशेष अबश्थाका विद्यार्थी को छनोट] |
| मार्च | सुरुमा | | सार्वजनिक  उमावि अन्तरिम छनोट |
| | अन्ततिर | | सार्वजनिक  उमावि अन्तिम छनोट;<br>सार्वजनिक  उमावि हुलाक-संचार कार्यक्रम को लागि विद्यार्थी बोलाहट |

## 3. माध्यमिक विद्यालय उतिर्ण भए पछिका विभिन्न बाटाहरु

**# अघि बढ्ने विभिन्न बाटाहरु**

माबि उतिर्ण भएपछि अगाडी अब के गर्ने भन्ने सम्बन्धमा विभिन्न बाटाहरु छन्/ ति बाटाहरुमा उमाबी गइ अध्ययन तर्फ लाग्ने वा काम तिर लाग्ने भन्ने कुरा हो/ अध्ययन तर्फ भएमा तलको खाकामा देखाएझैं विभिन्न किसिमका विद्यालय को कुरा आउँछ/




**▪अध्ययन अगाडी बढाउने हो भने**

जापान को विद्यालय बाट अथवा अरु देसको माध्यमिक विद्यालय पास गरेको र 15 बर्षको उमेर भएको जो कसैले पनि उमाबि को प्रवेश परिक्षा दिनसक्छ/ परिक्षा पास गरेमा उक्त विद्यालयमा पढ्न प्रवेश पाउने छ/ तर अन्य देसबाट पास गरेका विद्यार्थीको हकमा उनले 9 बर्षको पाठ्यक्रमको अध्ययन अबधि पुरा गरेको हुनु पर्दछ/

**A.उच्च माध्यमिक विद्यालय [उमाबि] [प्राय जसो 3 वर्ष वा सोभन्दा बढी]**

# [दिवा स्कुल], [निश्चित कालिन विद्यालय ], [हुलाक-संचार विद्यालय ] गरेर 3 किसिमका विद्यालयहरु छन [4(2),पृष्ठ 7 हेर्नुहोस]/

**# साधारण पाठ्यक्रम, ब्यबसाय बिशेष पाठ्यक्रम [औद्योगिक आदि]**

# उमावि उतिर्ण भएपछि बिश्वविद्यालय , डिप्लोमा सम्मका कलेज, ब्यबसायिक कलेज आदि हरेक किसिमका विद्यालय मा जान र रोजगारी खोज्न सकिन्छ/

**B.उच्च ब्यबसायिक विद्यालय [5 वर्ष]**

यी विद्यालय उतिर्ण गरेमा डिप्लोमा प्रमाणपत्र पाइन्छ/ माइजर औद्योगिक उच्च माध्यमिक विद्यालय , नारा औद्योगिक उच्च माध्यमिक विद्यालय , दोबा सामुद्रिक ब्यापार औद्योगिक उच्च माध्यमिक विद्यालय आदि यसमा पर्छन्/

# यि विद्यालय उतिर्ण गरे पछि रोजगारीमा जाने बा बिश्वविद्यालय गएर अरु 3 बर्षको पाठ्यक्रम पुरा गरि अध्ययन लाइ अगाडी बढाउन सकिने छ/

**C.ब्यबसायिक उच्च माध्यमिक विद्यालय [3 बर्ष]**

# बिशेष सिप, दक्षता का प्रमाणपत्र पाउने उद्देश्य का विद्यालय हुन्/ बाणिज्य ब्यबसाय, पकवान, सूचना विज्ञान आदि क्षत्र छन/

# अन्य हुलाक-संचार उमावि संग सम्बन्धन गरेर 3 बर्षमा उमावि उतिर्ण प्रमाणपत्र पाउन सक्ने विद्यालय पनि छन /

**D. अन्य बिबिध विद्यालय हरु [6 महिना देखि 1 बर्ष सम्म]**

सिप हातमा लिउ भन्ने उद्देश्यका विद्यालय हुन्, तर उमावि उतिर्ण भएको प्रमाणपत्र भने पाइदैन/

**E. काममा लाग्ने, घरको काम ब्यबसायमा सहायता गर्ने**

रोजगार ब्यबस्थापन केन्द्र [हेलो वर्क] बाट परिचय गरिदिने बा आफ्नै चिनेजानेका मान्छे को सम्पर्क बाट कुनै काममा लाग्ने हुन सक्छ/ काम गर्दै साँझ-बिहानीका (निश्चित कालिन) उमावि अथवा हुलाक-संचार उमावि बाट आफ्नो अध्ययन लाइ अगाडी बढाउन सकिन्छ/

## 4. उच्च माध्यमिक विद्यालय [उमावि] बारेमा

**# उमावि का बिबिधता**

उमावि [1] ब्यबस्थापनको फरक [2] कक्षा संचालन समय र पढाउने तौर तरिका [3] अध्ययन बिषय बस्तुको फरक अन्नुसार विभिन्न किसिमका छन–

**[1] ब्यबस्थापनको फरकले देखिने विभिन्न उमबिहरु**

स्थापनको हिसाबले मूल रुपमा 2 किसिमका उमावि छन–सार्वजनिक र निजि उच्च माध्यमिक विद्यालय/

| | सार्वजनिक उमावि | निजि उमावि |
|---|---|---|
| ब्यबस्थापक | क्योउतो प्रेफेक्चर बा क्योउतो नगरपालिका | दर्ता भएका निजि संस्था |
| विद्यार्थी | केटा केटी सहशिक्षा प्रणाली | सह शिक्षाका बाहेक केटा बा केटीहरुलाई मात्र पढाउने विद्यालय पनि छन |
| विद्यार्थी आबास इलाका | प्रवेश परिक्षा दिन सक्ने इलाका क्षेत्र सम्बन्धित विध्यालायाले तोकेको पनि छ | जुनसुकै माबि बाट उतिर्ण भएको भए पनि प्रवेश परिक्षा दिन सकिन्छ |
| परिक्षाको दिन र परिक्षा दिने बिषय | जुन विद्यालय पनि एकै हुन्छ [केहि अपबाद छन] | विद्यालय अनुसार फरक पर्छ [क्योउतो ओसाका इलाकामा परिक्षादिने पहिलो दिन एकै गरेको छ] |
| परिक्षा शुल्क | [पूर्ण दिवा] ¥2,200 ; [निश्चित कालिन] ¥900 | ¥15,000–20,000 |
| प्रवेश शुल्क | [पूर्ण दिवा] ¥5,650 ; [निश्चित कालिन] ¥980 | ¥50,000–150,000 |
| अध्ययन शुल्क | [पूर्ण दिवा] ¥1,18,800[बार्षिक] ; [निश्चित कालिन] ¥15,000[बार्षिक] | [पूर्ण दिवा] ¥366,000–850,000 [बार्षिक] [राज्य बा स्थानीय सरकार बाट सहायता पाएमा सस्तो हुन सक्छ] |
| अन्य बिबिध शुल्क | विद्यालय अनुसार फरक | संसाधन व्यवस्था खर्च ¥50,000–100,000; शिक्षण ब्यबस्था सबलीकरण खर्च ¥80,000-130,000 भन्दा माथि सम्म |

# माथिका बाहेक राज्यले संचालन गरेका विश्व विद्यालय ले स्थापना गरेका उच्च माध्यमिक विद्यालय पनि छन् [जस्तो--क्योउतो शिक्षण विश्व विद्यालय को उमावि]/

# परीक्षा शुल्क तथा अन्य रकमहरु रेइवा 5 सालको लागि हो।

# अध्ययन शुल्क बाहेक पुस्तक शुल्क, स्कुल पोसाक शुल्क, परिक्षण भ्रमण शुल्क, आदि आबश्यक पर्नेछ/

# उच्च माध्यमिक विद्यालयमा भर्ना हुने सम्ममा फेब्रुअरी देखि मार्च महिनाको अबधिमा एक मुष्ट रकम [प्रवेश शुल्क या स्कुल पोसाक आदि को लागि] आबश्यक पर्दछ ।
निजि विद्यालयमा लगभग ¥500,000, सार्वजनिक विद्यालय भएमा लगभग ¥200,000को तयारि गर्नु आवश्यक पर्दछ।

# उमावि प्रवेश गरे पछि घरको आर्थिक स्थिति हेरेर अध्ययन शुल्क मिनाहा बा कम गर्ने ब्यबस्था मिलाउने र छात्रवृत्ति आदि पनि प्राप्त गर्न सकिन्छ [विस्तृत विवरणको लागि P18～ हेर्नुहोस] /

**[2] विध्यालयका कक्षा संचालन समय र पठन पाठनमा फरक**

कक्षा संचालन समय र पठन पाठनको फरक बाट हेर्ने हो भने विद्यालय हरु मूल रुपमा पूर्ण पूर्ण दिवा, निश्चित कालिन र हुलाक-संचार गरेर 3 प्रकारको मा राख्न सकिन्छ/

| | पूर्ण दिवा | निश्चित कालिन | हुलाक-संचार |
|---|---|---|---|
| विद्यालय जाने दिन<br>विद्यालय को समय | सोम–शुक्र<br>8:30–16:00 | सोम–शुक्र<br>17:30(16:20)–21:30<br>[साँझ कालिन भएमा] | बर्षमा 20 दिन जति<br>[स्कुलिंग] |
| कक्षा समय | 50 मिनेटको 6 घण्टा भन्दा बढी | 45 मिनेटको 4 घण्टा | स्कुलिंग |
| अध्ययन अबधि | 3 बर्ष | 4 बर्ष | 3 बर्ष भन्दा बढी |
| अध्ययन बिषय | साधारण बिषय समूह<br>[औद्योगिक बा कृषि आदिको] बिशेष बिषय समूह र समष्टिगत बिषय समुह | साधारण बिषय समूह,<br>[औद्योगिक बा कृषि आदिको] बिशेष बिषय समूह | साधारण बिषय समूह |
| अन्य | केही विद्यालयहरुमा शनिबारतथा/वा 16:00 बजे पछिपनि कक्षा सञ्चालनहुन्छन्। | दिउसो संचालन गर्ने निश्चित दिवा कालिन पनि छन | स्कुलिंग बाहेक रिपोर्ट बुझाउने र टेस्ट दिएर पुरा गर्ने गरिन्छ |

# निश्चित कालिन र 3 बर्षमा उतिर्ण हुन पाउने विद्यालय पनि छन्/

**[3] पाठ्यक्रम को बिबिधता अनुशार उमाबि**

पाठ्यक्रम अनुशार हेर्दा मूल रुपमा साधारण बिषय समूह र बिशेष बिषय समूह 2 प्रकारका छन/ तल सार्वजनिक विद्यालय को उदाहरण छ–

| | |
|---|---|
| साधारण बिषय समूह | साधारण बिषय समूहका कक्षाहरु मुलरुपमा अध्ययन हुन्छ<br># साधारण बिषय समुहमा बिशेष बिषयको पाठ्यक्रम पानी हुन्छ/ विद्यालय हेरेर त्यस्ता बिशेष बिषय फरक पनि हुन्छ [जस्तो खेल्कुंद, अंग्रेजीका बिषय आदि] |
| बिशेष बिषय समुह | साधारण बिषय समूहका बिषयहरु संगसंगै बिशेष बिषयहरु बढी अध्ययन गरिन्छ |
| | बाणिज्य ब्यबशाय, औद्योगिक , माछा पालन, कृषि, सुचना-संचार प्रबिधि,शिक्षण पेशा [कला, संगीत, समाज कल्याण आदि] |

**■उच्च माध्यमिक विद्यालय (उमावि) को जीवन र प्रणाली**

जापानमा प्राथमिक विद्यालय र माध्यमिक विद्यालय「अनिवार्य शिक्षा」 हो । उच्च माध्यमिक भन्दा माथि「अनिवार्य शिक्षा」मा पर्दैन । यस कारण माध्यमिक विद्यालय भन्दा विभिन्न कुराहरू फरक हुन्छन् ।

①उच्च माध्यमिकमा प्रत्येक विद्यालय अनुसार विशेषताहरू हुन्छन् ।

सार्वजनिक प्राथमिक र माध्यमिक विद्यालयमा जापान भरिको जुनसुकै विद्यालयमा पनि एकैनासको अध्ययन ध्यान दिने विद्यालय या खेलकुदमा विशेष ध्यान दिने विद्यालय आदि प्रत्येक विद्यालय अनुसार फरक हुन्छन् । एउटै विद्यालय भित्र पनि शैक्षिक विभाग फरक भएमा अध्ययन विषय(पाठ्यक्रम ) पनि फरक हुन्छ । त्यसै गरि, एउटै विभागमा पनि कोर्स र ऐच्छिक पाठ्यक्रमहरू हुने भएकोले आफैले विचार गरेर आफ्नो अध्ययन विषय रोज्नु महत्वपूर्ण हुन्छ । विद्यालयको विशेषता बारेमा माध्यमिक विद्यालयको शिक्षकसँग सरसल्लाह गरि, उच्च माध्यमिक बारेमा ओरियन्टेसन या ओपन-स्कूलमा भाग लिई आफैले कस्तो विद्यालय हो निश्चय गर्नुहोला।

② 「तान ई」「गेन्क्युरियुचि」पनि छन्।

उच्च माध्यमिकमा हरेक दिनको र नियमित परिक्षाबाट अध्ययनको नतिजा नदेखाएमा उक्त विषयको 「तान ई」पाउन सकिदैन । फेरी, कक्षामा गयल धैरै भएको खण्डमा पनि 「तानई」पाउन सकिदैन । (क्योउतोको सार्वजनिक उच्च माध्यमिकको खण्डमा, 3 पटक ढिलो भएमा 1 दिनको गयलमा गणना गरिन्छ।)

विद्यालयले निर्णय गरेको 「तान ई」लिन नसकेको खण्डमा, अर्को शैक्षिक बर्षमा अगाडि बढ्न सक्नु हुन्न। यसलाई 「गेन्क्युरियुचि」भनिन्छ या "दोहोर्याउनु"「रियुनेन्न」पनि भनिन्छ । यस्तो भएको खण्डमा अर्को शैक्षिक बर्षमा पुन एक पटक सोहि कक्षामा दोहोर्याउनु पर्ने हुन्छ । यसकारण परिक्षामा उतिर्ण हुने कुरा मात्र नसोचि, आफुलाई मिल्ने विद्यालय या अध्ययन गर्न चाहेको विषय बस्तु रोज्नु गर्नु आवश्यक कुरा हो । माध्यमिक विद्यालयको शिक्षकसंग सरसल्लाह गरौं ।

※「तान ई」 भन्नाले 1 हप्तामा कति घन्टा कक्षा हुन्छ भन्ने हो । उदाहरणको लागि अंग्रेजी हप्तामा 5 घन्टा भएमा 「5 तानई」हुन जान्छ । यदी ग्रेड 2 वर्ष भन्दा बढी 「तान ई निनतेई」 ग्रेड 1 अंक 「तान ई फुनिनतेई 」हुन्छ र 「तान ई」 प्राप्त गर्न सकिँदैन।

③विद्यालय छोड्नु पर्ने हुन्छ

विद्यालयको नियम बिपरित गरेको खण्डमा(अवस्था अनुसार) विद्यालयबाट निलम्बन 「तेइगाकु」गरिनेछ ।अवैध गतिविधि गरेको खण्डमा (अवस्था अनुसार) 「गेन्क्युरियुचि」 दोर्याउन लगाउने या विद्यालय छोड्नु पर्ने हुन्छ । विद्यालयको नियम विद्यालय अनुसार विभिन्न  किसिमको हुन्छन्। जस्तै विद्यालयको युनिफर्म या कपालको प्रकार साथै कपालको रंग र लम्बाई बारे विस्तृत रूपमा तोकिएको विद्यालय पनि हुन्छन्, भने उक्त बारेमा स्वतन्त्र विद्यालय पनि छन् । विद्यालयको वातावरण पनि फरक हुन्छ जसलाई "स्कूल शैली" 「कोउफुउ」 भनिन्छ। विद्यालयको वातावरण अनुभव गर्नुको लागि पनि ओपन-स्कूल या विद्यालयको ओरियन्टेसनमा अवश्य भाग लिनु होला।

④शिक्षण शुल्क र पाठ्यपुस्तक शुल्कको आवश्यक

सार्वजनिक प्राथमिक र माध्यमिक विद्यालयमा शिक्षण शुल्क नि:शुल्क थियो तर उच्च माध्यमिकमा सार्वजनिक उच्च माध्यमिक विद्यालय भएता पनि शिक्षण शुल्क आवश्यक हुन्छ । पाठ्यपुस्तक पनि किन्नु पर्दछ ।(आंशिक समयको उच्च माध्यमिकमा सर्त अनुसार नि:शुल्क वितरण गरिन्छ) ।

※ आर्थिक सहयोगको बारेमा 18 पेजको पछाडी पेजमा हेर्नुहोला।

⑤खाना (क्युस्योकु) छैन

सार्वजनिक प्राथमिक र माध्यमिक विद्यालय (छनौट प्रणाली) मा  खाना (क्योउस्योकु) छन् तर उच्च माध्यमिक विद्यालयमा छैन।

(※बेलुकाको आंशिक समय उच्च माध्यमिक विद्यालयमा खाना (क्योउस्योकु) दिने ठाउँ पनि छन् )।

त्यसकारण हरेक दिन दिउँसोको खाना लिएर जान्नु पर्ने हुन्छ । खाना खाने ठाउँ (स्योकुदो ) भएको र नभएको विद्यालय छन् । भर्ना हुन अघि सोधपुछ गर्नुहोला ।

⑥विद्यालय जाने समय लामो हुनु

सार्वजनिक माध्यमिक विद्यालय उक्त एरियाको विद्यालयमा जाने हुँदा प्रायजसो हिंडेर जान सकिन्छ। उच्च माध्यमिक विद्यालय विस्तृत क्षेत्रबाट छनौट गरिने हुँदा विद्यालय जान समय लाग्ने हुन्छ ।विशेष गरेर ट्रेन या बसबाट जाने खण्डमा, यातायात शुल्क पनि आवश्यक पर्दछ । विद्यालय जाने तरिका र समय,विद्यालयको ओरियन्टेसन या ओपन-स्कूलमा भाग लिई, पहिले नै निश्चित गर्नुहोला ।

## 5. सार्वजनिक उच्च माध्यमिक विद्यालयको विभिन्न प्रवेश परिक्षा प्रणाली

### (1) बिशेष विद्यार्थी को छनोट

सार्वजनिक उमाविमा बिदेशमा काम गर्ने बाबु आमा का छोरा छोरी, चीनबाट फर्की आएका टुहुराका छोरा छोरी, लामो समय सम्म पढ्न छोडेका, बढी उमेर भै सकेकाहरुर क्योउतो प्रिफेक्च्युरल सेइमायी उच्च बिद्यालयका बिशेष विद्यार्थी छनौट「क्योउतो सिरिचु क्योउतो सोउवा कोउतोउ विद्यालय विशेष विद्यार्थी छनौट」का लागि भनेर बिशेष परिक्षा को ब्यबस्था छ/ परिक्षा पृष्ठ 12 मा दिएको पहिलो छनोट को दिनमा गरिन्छ/ परिक्षा सम्बन्धि अरु बिस्तृत जानकारी का लागि सम्बन्धित विद्यालय संग सम्पर्क गर्नु होला/ याद गर्नु पर्ने कुरा के छ भने यो व्यवस्था अनुशार प्रवेश परिक्षा दिएर कुनै विद्यालयमा पास भए पछि फेरी अर्को विद्यालयमा गएर प्रवेश परिक्षा दिन पाइदैन/ तर यदि पहिलो छनोटमा अनुतिर्ण भएमा अन्तरिम छनोट परिक्षामा सोहि विद्यालयमा भाग लिन सकिन्छ/

**A. बिदेशमा काम गर्ने बाबु आमा का छोरा छोरीका लागि छनोट परिक्षा**

| | |
|---|---|
| व्यवस्था भएका उमावि | [पूर्ण दिवा] तोबा उमावि साधारण बिषय समूह, पश्चिम माइजर उमावि साधारण बिषय समूह |
| सम्बन्धित विद्यार्थी | बिदेशमा 1 बर्ष भन्दा बढी बसेको, प्राथमिक विद्यालय 6 कक्षा को फेब्रुअरी 1 पछि फर्केका बिदेशमा कार्यरत बाबु आमा का छोरा छोरी |
| छनोट तरिका | अध्ययन स्तरको परिक्षा [जापानी भाषा, गणित, अंग्रेजी], अन्तरबार्ता र लब्धांक प्रतिबेदन |
| माग गरिएको विद्यार्थीको संख्या | हरेक विद्यालयबाट बढीमा 5 जना |

**B. चीनबाट फर्की आएका टुहुराका छोरा छोरीका लागि छनोट परिक्षा**

| | |
|---|---|
| व्यवस्था भएका उमावि | [पूर्ण दिवा] तोबा उमावि साधारण बिषय समूह, पश्चिम माइजर उमावि साधारण बिषय समूह<br>[निश्चित कालिन] तोबा उमावि साधारण बिषय समूह, पूर्व माइजर उमावि उकिसिमा सह-विद्यालय साधारण बिषय समूह |
| सम्बन्धित विद्यार्थी | प्राथमिक विद्यालय को 4 कक्षाबाट भर्ना लिएको, चीनबाट फर्की आएका टुहुराका छोरा छोरी |
| छनोट तरिका | अध्ययन स्तरको परिक्षा [जापानी भाषा, गणित, अंग्रेजी], अन्तरबार्ता र लब्धांक प्रतिबेदन |
| माग गरिएको विद्यार्थीको संख्या | हरेक विद्यालयबाट बढीमा 5 जना |

**C. बढी उमेर भइ सकेकाहरुको छनोट परिक्षा**

| | |
|---|---|
| व्यवस्था भएका उमावि | [निश्चित कालिन] ओउकी उमावि, सुजकु उमावि साधारण बिषय समूह [बिषयको इकाई-भार अनुशार]<br>तोबा उमावि, मोमोयामा उमावि साधारण बिषय समूह र बाणिज्य ब्यबशाय [बिषयको इकाई-भार अनुशार] |
| सम्बन्धित विद्यार्थी | 20 बर्ष उमेर पुगेको |
| छनोट तरिका | अध्ययन स्तरको परिक्षा, (अन्तरबार्ता र लब्धांक प्रतिबेदन नहुने) |

| | |
|---|---|
| माग गरिएको विद्यार्थीको संख्या | हरेकविद्यालयबाट 3 देखि 9 जना सम्म [विद्यालय  अनुशार फरक] |

**D. लामो समय सम्म पढ्न छोडेकाको छनोट परिक्षा**

| | |
|---|---|
| व्यवस्था भएका उमावि | [पूर्ण दिवा] सुजकु उमावि, ओतोकुनी उमावि, ज्यौयो उमावि, पश्चिम माइजर उमाविका साधारण बिषय समूह<br>[निश्चित कालिन] पश्चिम क्योउतो उमावि साधारण बिषय समूह |
| सम्बन्धित विद्यार्थी | माध्यमिक विद्यालय मा अध्ययन गर्दा कुनै एक कक्षामा एक बर्षमा 30 दिन भन्दा बढी गयल भएको |
| छनोट तरिका | अध्ययन स्तरको परिक्षा [जापानी भाषा, गणित, अंग्रेजी], अन्तरबार्ता र लब्धांक प्रतिबेदन |
| माग गरिएको विद्यार्थी संख्या | हरेकविद्यालयबाट 5 देखि 10 जना सम्म [विद्यालय  अनुशार फरक] |

**E.क्योउतो प्रेफेक्च्युरल से**इमायी **उच्च विद्यालयका** वि**शेष विद्यार्थी छनौट**

| | |
|---|---|
| पाठ्यक्रम | साधारण शिक्षा पाठ्यक्रम (दिवा प्रणालीमा दुई विभाग ) (पाठ्य भारसहितको आंशिक प्रणाली) |
| लक्षित विद्यार्थीहरु | क्योउतो प्रिफेक्च्यु रलसेइमायी उच्च विद्यालयमा निवेदन दिन योग्य विद्यार्थीहरु उच्च विद्यालयको आदर्श अनुसार उपयुक्त ठानिएका विद्यार्थीहरुर सेमी उच्च विद्यालयमा पढ्न इच्छुकहरु |
| छनौटविधी | पहिलो प्रकृयाःविद्वत्क्षमता (जापानी, गणित र अङ्ग्रेजी), अन्तर्वार्ता, निबन्ध र प्रतिवेदन<br>दोस्रो प्रकृयाः अन्तर्वार्तार निबन्ध |
| माग गरिएको विद्यार्थी संख्या | पहिलो प्रकृयाःपरेका निवेदन मध्ये 40% का हाराहारीमा<br>दोस्रो प्रकृयाःपरेका निवेदन मध्ये 60% का हाराहारीमा |

**F. क्योउतो प्रेफेक्च्युरल सेशिन उच्च विद्यालयका** वि**शेष विद्यार्थी छनौट**

| | |
|---|---|
| पाठ्यक्रम | व्यापक शिक्षा पाठ्यक्रम (दिउँसो) (पाठ्य भारसहितको आंशिक प्रणाली) |
| लक्षित विद्यार्थीहरु | क्योउतो प्रिफेक्च्यु  सेशिन  उच्च विद्यालयमा निवेदन दिन योग्य विद्यार्थीहरु उच्च विद्यालयको आदर्श अनुसार उपयुक्त ठानिएका विद्यार्थीहरुर सेमी उच्च विद्यालयमा पढ्न इच्छुकहरु |
| छनौटविधी | पहिलो प्रकृयाःविद्वत्क्षमता (जापानी, गणित र अङ्ग्रेजी), अन्तर्वार्ता, निबन्ध र प्रतिवेदन<br>दोस्रो प्रकृयाः विद्वत्क्षमता (जापानी, गणित र अङ्ग्रेजी),अन्तर्वार्तार निबन्ध |
| माग गरिएको विद्यार्थी संख्या | पहिलो प्रकृयाःपरेका निवेदन मध्ये 50% का हाराहारीमा<br>दोस्रो प्रकृयाःपरेका निवेदन मध्ये 50% का हाराहारीमा |

**G.** क्योउतो सिरिचु क्योउतो सोउवा कोउतोउ विद्यालय विशेष विद्यार्थी छनौट (योजना)

| | |
|---|---|
| पाठ्यक्रम | साधारण विषय ( दिउँसो, बेलुका चार भाग प्रणाली,तानइ प्रणाली अनुसार आंशिक समय ) |
| लक्षित विद्यार्थीहरु | क्योउतो प्रेफेक्चर  सार्वजनिक उमावी इच्छुक व्यक्तिको योग्योता भएको व्यक्ति फुतोउकोउ अनुभव भएको व्यक्ति, गतिविधि या अनुभूतिको विशेषताले गर्दा समस्यामा परेका व्यक्ति आदि, जसलाई पुन: शिक्षण चाहिन्छ ( माध्यमिक विद्यालय प्रधानाध्यापकको आवेदनको आवश्यक ) |
| छनौट विधी | तलका निम्न 2 वटा परिक्षण गरिन्छ ।<br>・परिक्षण A शैक्षिक क्षमताको पतिक्षण जापानी, गणित,अंग्रेजी<br>・परिक्षण B (व्यक्तिगत अन्तर्वार्ता) ①इच्छा अभिप्राय<br>② भर्ना सम्ममा मेहनत गरेका कुराहरू (अध्ययन, गतिविधि) |
| माग गरिएको विद्यार्थी संख्या | 80 जना |

**(2)पहिलो छनोट (पुरा समय र कृषि विषय, गृह विज्ञान आंशिक समय)**

फेब्रुअरीको अघिल्लो पक्ष निबेदन दिने → फेब्रुअरीको मध्यमा परिक्षा दिने → फेब्रुअरीको अन्तमा नतिजा प्रकाशन

# प्रवेश परिक्षा दिन सक्ने एउटा विद्यालय र त्यसको एक बिषय मात्र हो/

# छनोट बिधि तल दिएको A, B, C 3 ढांचा अनुशार हुन्छ/ उमावि हेरेर फरक हुने हुँदा उमाविको छनोट विधिको बारेमा माध्यमिक विद्यालय का शिक्षक संग सोध्नु होला/

**A ढांचा**

# अध्ययन स्तरको परिक्षा [5 बिषय सम्म]
# अन्तरबार्ता, निबन्ध रचना मध्ये एक, अथवा दुवै
# लब्धांक प्रतिबेदन # आफ्ना क्रियाकलापका उपलब्धिहरुको प्रतिबेदन
(आवश्यक नभएको विद्यालय पनि छन् )


**B ढांचा**

# अन्तर्वार्ता
# निबन्ध रचना
# लब्धांक प्रतिबेदन # आफ्ना क्रियाकलापका उपलब्धिहरुको प्रतिबेदन

**C ढांचा**

# अध्ययन स्तरको परिक्षा [5 बिषय सम्म]
# अन्तरबार्ता, निबन्ध रचना मध्ये एक, अथवा दुवै
# लब्धां
क प्रतिबेदन # सिप-दक्षता परिक्षा # आफ्ना क्रियाकलापका उपलब्धिहरुको

**(3) अन्तरिम छनोट**




# साधारण बिषय समूह, बिशेष बिषय समूह दुवै एकै तरिका बाट छनोट गरिन्छ /

# एक विद्यालयबाट परिक्षा दिंदा पहिलो र दोस्रो प्राथमिकता भनि दुइ विद्यालयको नाम राख्न सकिन्छ/

# तर दोस्रो प्राथमिकतामा राखेको विद्यालयमा दोस्रो र पहिलो प्राथमिकतामा राखेका विद्यार्थीले भर्ना भए पछि ठाउँ खाली हुनु पर्छ/

# छनोट विधिमा तल दिए अनुशार लब्धांक प्रतिबेदन संगै अध्ययन स्तर परिक्षाको नतिजा जोडेर निश्चित गरिन्छ–

**1] लब्धांक प्रतिबेदन**-- बर्षको अन्तमा दिइने हरेक बिषयको लब्धांक [प्राप्तांक 1– 5 सम्म] तल दिए बमोजिम हिसाब गरिन्छ-

| | |
|---|---|
| A | 5 बिषय [राष्ट्र भाषा, सामाजिक शास्त्र, गणित, बिज्ञान, अंग्रेजी] को प्राप्तांक x 1 x 3 अध्ययन बर्ष |
| B | 4 बिषय [संगीत, कला, खेलकुँद र स्वास्थ्य, सिप-गृह बिज्ञान] को प्राप्तांक x 2 x 3 अध्ययन बर्ष |

[उदाहरण]–3 बर्ष अध्ययन गरेका 9 बिषयको प्राप्तांक सबै 5 भए जम्मा लब्धांक 195 हुन आउछ/

| | A | | | | | B | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बिषय | भाषा | सामाजिक | गणित | बिज्ञान | अंग्रेजी | संगीत | कला | खेलकुद | गृहबिज्ञान | जम्मा |
| बर्ष 1 | 5 | 5 | 5 | 5 | 5 | 5 x 2 | 5 x 2 | 5 x 2 | 5 x 2 | 65 |
| बर्ष 2 | 5 | 5 | 5 | 5 | 5 | 5 x 2 | 5 x 2 | 5 x 2 | 5 x 2 | 65 |
| बर्ष 3 | 5 | 5 | 5 | 5 | 5 | 5 x 2 | 5 x 2 | 5 x 2 | 5 x 2 | 65 |
| जम्मा | 15 | 15 | 15 | 15 | 15 | 30 | 30 | 30 | 30 | 195 |

ii] साझा अध्ययन स्तरको परिक्षा–त्यस दिन राष्ट्र भाषा, सामाजिक शास्त्र, गणित, बिज्ञान र अंग्रेजी गरि 5 बिषयको परिक्षा हुन्छ/

हरेक बिषय पूर्णाक 40 x 5 बिषय = 200 पूर्णाकको परिक्षा हुन्छ/ अन्तरिम छनोटमा जुन विद्यालय भए पनि

सबै बिषयमा एकै प्रश्न सोधिन्छ/

**(4) अन्तिम छनोट**

मार्चको मध्यतिर निबेदन दिने → मार्चको अन्ततिर परिक्षाआदि दिने → मार्चको अन्तमा नतिजा प्रकाशन

# पहिलो छनोट र अन्तरिम छनोट सके पछि धेरै सिट खालि भएका उमावि ले लिन सक्छन/ लिने कि नलिने भन्ने कुरा अन्तरिम परीक्षाको नतिजा प्रकाशन गरेकै समयमा सुचना गरिन्छ/

# छनोट विधिमा लब्धांक प्रतिबेदन, अध्ययन स्तर परिक्षा [राष्ट्र भाषा, गणित, अंग्रेजी] को प्राप्तांक र अन्तर्वार्ता हुनेछ/

**[क्योउतो प्रेफेक्चर सार्वजनिक उच्च माध्यमिक विद्यालय मा अध्ययन गर्न चाहने बिदेशी विद्यार्थी का लागि अध्ययन स्तर परिक्षा संग सम्बन्धित बिशेष ब्यबस्था]**

रेइवा 7 सालमा क्योउतो प्रेफेक्चर सार्वजनिक उच्च माध्यमिक विद्यालय मा अध्ययन गर्न चाहने विद्यार्थीका बारेमा तलका 1 र 2 संग मिल्ने विद्यार्थी लाई बिशेष ब्यबस्था गरिएको छ/ [व्यबस्थाको तयारीमा]

1. 4 रेइवा फेब्रुअरी 1 पछि जापान आएका विद्यार्थी बिदेशमा 1 बर्ष भन्दा बढी समय लगातार बसेको
2. जापानमा अध्ययन गरिरहेको माध्यमिक विद्यालय को प्रधान अध्यापक बाट निबेदन आबश्यक हुने/

बिशेष व्यवस्थाका व्यहोरा–

i अध्ययन स्तर परिक्षामा फुरिगानाको प्रयोग

ii प्रत्येक बिषयको परिक्षा अबधिमा 10 मिनेट थप गरिने

# परिक्षा छुट्टै कोठामा लिइने /

बिशेष ब्यबस्था बारेको बिस्तृत जानकारी सेप्टेम्बर महिना पछि सम्बन्धित माध्यमिक विद्यालय मा सोध्नु होला /

## 6.निजि उच्च माध्यमिक विद्यालय सम्बन्धमा

# निजि उको प्रवेश परिक्षा

विद्यालय अनुशार फरक हुन सक्ने भए पनि निजि उमाविले लिने प्रवेश परिक्षामा [1] सिफारिस, [2] बिशेष निबेदन र [3] साधारण निबेदन, यी तिन प्रकार बाट सम्पन्न गरिन्छ/

**[1] सिफारिस बाट**

| | |
|---|---|
| सम्बन्धित विद्यार्थी | लब्धांक, राम्रो चरित्रका साथ् प्रधान अध्यापकले सिफारिस दिन सक्ने विद्यार्थी, निबेदन दिने विद्यालय पहिलो प्राथमिकतामा राखेको र परिक्षा उतिर्ण भएमा भर्ना पनि हुन सक्ने |
| परिक्षा योग्यता | सम्बन्धित उमाविले तोकेको स्तर अनुशार योग्यता भएको |
| नतिजा प्रकाशन पछि | भर्ना हुनै पर्नेछ |
| अन्य | प्रमाणपत्र निबेदन आदि मात्र हेर्ने उमावि, शुल्क मिनाहा बा घटाउने उमावि पनि छन् |

**[2] बिशेष निबेदन परिक्षा**

| | |
|---|---|
| सम्बन्धित विद्यार्थी | निबेदन दिएको विध्यालयलाई पहिलो प्राथमिकतामा राखी उतिर्ण भएमा भर्ना भएरनै छोड्ने विद्यार्थी |
| परिक्षा योग्यता | सम्बन्धित उमाविले तोकेको स्तर अनुशार योग्यता भएको |
| नतिजा प्रकाशन पछि | भर्ना हुनै पर्नेछ |
| अन्य | निबेदन र विद्यार्थी हेरेर परिक्षामा प्राथमिकता दिन सक्छन |

**[3] साधारण निबेदन परिक्षा**

| | |
|---|---|
| सम्बन्धित विद्यार्थी | निबेदन दिएको विद्यालय भन्दा अरुनै विध्यालयलाई पहिलो प्राथमिकतामा राखेको विद्यार्थी |
| परिक्षा योग्यता | खासै तोकेको बिशेष स्तर छैन |
| नतिजा प्रकाशन पछि | भर्ना हुनै पर्छ भन्ने छैन |
| अन्य | सार्वजनिक उमावि पहिलो प्राथमिकतामा राखेको अबस्थामा उक्त उमाविले अन्तरिम छनोट नतिजा प्रकाशन गर्नु अघि सम्म भर्ना प्रक्रिया स्थगित राख्न सकिन्छ |

**# निजि उमाविको परिक्षा नतिजाको निर्णय**

प्रवेश परिक्षा, माध्यमिक विद्यालय को लब्धांक प्रतिबेदन, अन्तर्वार्ता आदिबाट नतिजाको निर्णय हुन्छ र उमावि अनुशार फरक पर्न सक्छ/ लब्धांकमा बर्ष 3 मात्र हेर्ने धेरै छन् भने बर्ष 1 देखिनै हेर्ने विद्यालय पनि छन्/

## 7. उमावि बाहेक अगाडिको अरु बाटो

### # व्यवशायिक विद्यालय –बिबिध विद्यालय हरु

व्यवशायिक विद्यालय –बिबिध विद्यालय हरु बिशेष प्राबिधिक दक्षता को प्रमाणपत्र प्राप्त गर्न सक्ने हिसाबले स्थापित गरिएका हुन् / सुचना-प्रबिधि, बाणिज्य-ब्यबशाय,कला-संस्कृति, पाकवान, पोशाक सिलाई तथा डिजाइन, निर्माण ब्यबशाय, कपाल तथा सौन्दर्य आदि क्षेत्रहरु यी विद्यालय हरुमा राखिएका छन/ अध्ययन शुल्क निजि उमाविमा लागे जत्तिकै पर्न आउछ/ यस्ता विद्यालय बारेमा भने सोध खोज गरेर बुझ्न आबश्यक हुन्छ/

### # रोजगारी

हिजोआज माध्यमिक विद्यालय पास भएका हरुलाई भनि रोजगारका मौका करिब पाइदैन/ थोरै काम पाउने स्थिति एकातिर छ भने पाए पनि चाडैनै छोड्ने धेरै छन/ काम मा लाग्न खोज्ने मान्छेले समाजका बिभिन्न क्षेत्रमा काम गर्दा हुन आउने आफ्नो कर्तब्य र जिम्मेवारी को गहनता सम्बन्धमा राम्रो संग बिचार गर्न जरुरि छ/

रोजगारीमा जाने हो भने आफ्नो विद्यालय मार्फत रोजगार सेवा केन्द्र भएर सम्बन्धित काम गर्ने स्थान बा संस्थाको परिचय गरिन्छ / चिनाजानी बाट पनि यो हुन सक्छ, तर रोजगार सेवा केन्द्र बाट गएमा बढी सुरक्षित हुन सक्छ/ यो काम गर्ने समय र तलबमा पछि समस्या नाओस भन्ने हो/

### # काम गर्दै अध्ययन

काम गर्दै निश्चित कालिन उमावि बा हुलाक-संचार उमाविमा अध्ययन गर्न पनि सकिन्छ/ शुल्क पूर्ण दिवा उमाविमा लाग्ने भन्दा कम पर्छ/ फेरी साँझको विद्यालय भएमा रातिको खाना दिने ब्यबस्था गरेका विद्यालय पनि छन्/ निश्चित कालिन उमावि र हुलाक-संचार उमावि बाट पास भएमा उमावि उतिर्ण भएको प्रमाणपत्र मिल्दछ/ त्यसपछि विश्व विद्यालय तर्फ अगाडी बढ्ने विद्यार्थी पनि छन/ फेरी 20 बर्ष उमेर नाघेकाहरुका लागि भनि बिशेष प्रवेश परिक्षा सुबिधा पनि छ/ अरु विस्तृत विवरणका लागि 5 (1)C(पृष्ठ 10)हेर्नुहोस् /

## 8. आर्थिक सहयोगको ब्यबस्था

यो आर्थिक अबस्था कमजोर भएका परिबारको लागि विद्यालय मा पढ्न आबश्यक रकमको सहयोग गर्ने ब्यबस्था हो/ अध्ययनका लागि आर्थिक वृत्ति पाउने, 「छूट」(एक भाग शुल्क तिर्न नपर्ने) र पछी फिर्ता तिर्ने गरि ऋण सहयोग पाउने गरि तिन किसिमको ब्यबस्था छ/ यस सम्बन्धमा सहयोग दिने तरिका र लिने विद्यार्थी बारे बिस्तृत ब्यबस्था छ र सम्बन्धित उमावि संग सल्लाह लिन राम्रो हुन्छ/

राज्यको नियम अनुशार बार्षिक पारिबारिक आम्दानि ¥9,100,000 भन्दा कम भएमा सार्वजनिक विद्यालय मा निशुल्क हुनेछ / निजि उमाविबाट पनि पारिबारिक आम्दानि हेरेर ¥120,000 देखि करिब ¥390,000 सम्म वृत्ति पाउन सकिन्छ/ फेरी क्योउतो प्रेफेक्चरले निजि उमावि संग सहकार्य गरेर [क्योउतो प्रेफेक्चर ढुक्क भै पढ्नको लागि सहयोग ब्यबस्था ] भन्ने बनाएको छ / बार्षिक आम्दानि थोरै भएमा पढाइ निशुल्क हुन आउछ / यस बारेमा सोधपुछ सम्बन्धित उमावि मा गर्नु पर्छ / तर अध्ययन मा आइ पर्ने अरु खर्चजस्तो भर्ना शुल्क, अध्ययन भ्रमण खर्च, परिक्षण भ्रमण शुल्क, बनभोज, पुस्तक सामग्री, आदिका शुल्क निशुल्क नभई यथाबत लाग्दछ / फेरी वृत्ति प्राप्त गर्नु भन्दा अघि तिर्नु पर्ने सबै शुल्कहरु पहिले तिर्न पर्ने हुनसक्ने भएकाले फेब्रुअरी र मार्च महिनामा एक मुष्ट रकम को जोहो गर्नु पर्ने हुन्छ /

“सुनागीकोष (Tsunagi)”भन्ने एउटा प्रणाली छ जसबाट शुल्क आवश्यक परेका अवधीका लागि सहायक प्रणालीका रुपमा ऋण लिन सम्भव बनाउँछ । यसका लागि छुट्टै निवेदन चाहिन्छ ।

**# आर्थिक सहयोगको ब्यबस्था** [बिस्तृत जानकारिका लागि सम्बन्धित निम्न माध्यमिक विद्यालयमा बुझ्नु होला]

| क्योउतो प्रेफेक्चर ढुक्क भै पढ्नको लागि सहयोग ब्यबस्था | **शुल्क छूट** |
|---|---|
| सम्बन्धित विद्यार्थी | क्योउतो प्रेफेक्चरमा बसेको, क्योउतो प्रेफेक्चर भित्रको उमाविमा अध्ययनरत |
| छात्रवृत्ति | ・जिबिका शुल्क पाउने परिवारमा ¥980,000 सम्म सहयोग<br>・बार्षिक आम्दानि ¥5,900,000 भन्दा कम भएको परिवारमा अध्ययन शुल्क ¥650,000 सम्म सहयोग<br>・बार्षिक आम्दानि ¥5,900,000～7,300,000 सम्म भएका परिवारमा ¥264,000 सम्म सहयोग<br>・बार्षिक आम्दानि ¥7,300,000～9,100,000 सम्म भएका परिवारमा ¥198,800 सम्म सहयोग |
| आबश्यक जानकारीका लागि | हरेक निजि उमाबिबाट लिन सकिन्छ |

| जिबिका सुरक्षा नीति अनुशार आबश्यक शुल्क सुबिधा [उमावि मा लाग्ने अध्ययन शुल्क ] | दिइने सहयोग |
|---|---|
| सम्बन्धित विद्यार्थी | क्योउतो प्रेफेक्चर, क्योउतो सहर भित्र बसी जिबिका सुरक्षा शुल्क प्राप्त गरेको परिवारको छोराछोरी |
| सहयोग रकम | ● अध्ययन सामग्री एबं विद्यालय ओहरदोहर गर्दा हुने सामान शुल्क ¥महिनामा 5,300<br>● परिक्षा शुल्क, भर्ना शुल्क–सार्वजनिक उमाविमा लाग्ने सरह ¥30,000 सम्म<br>● पोशाक, झोला, जुत्ता आदि ¥87,900 सम्म<br>● बार्षिक कक्षा शुल्क, विद्यार्थी संघ शुल्क–महिनामा ¥2,330सम्म<br>● विद्यालय आउन जान लाग्ने यातायात शुल्क<br>● सन्धर्भ पुस्तक सामग्री, क्लब क्रियाकलाप शुल्क वास्तविक लागत (वार्षिक¥84,600 सम्म)<br>● सामाग्री शुल्क (पाठ्यपुस्तक र उप-पाठ्यपुस्तक आदि) वास्तविक लागत |
| आबश्यक जानकारीका लागि | क्योउतो प्रेफेक्चर, सार्वजनिक स्वास्थ्य बिभाग, सम्बन्धित नगरपालिकाको समाज कल्याण समिति |

| क्योउतो प्रेफेक्चर उमाविमा विद्यार्थी लाइ दिन सक्ने आर्थिक सहयोगको ब्यबस्था | ऋण सहयोग |
|---|---|
| सम्बन्धित विद्यार्थी | अध्ययन गर्ने इच्छा भएपनि आर्थिक अबस्थाले विद्यालय जान कठिनाइ भएको |
| सहयोग रकम | ① उमावि आदि मा अध्ययनको लागि ऋण दिने ब्यबस्था<br>सार्वजनिक उमावि मा मासिक ¥18,000 सम्म, निजीमा ¥30,000 सम्म<br>पाउन सक्ने परिवारको बार्षिक आम्दानि 4 सदस्य परिबार भए ¥4,720,000 भन्दा कम<br>② उमावि आदि मा अध्ययनको लागि ऋण दिने ब्यबस्था [पहिलो बर्षका लागि]<br>निश्चित रकम: सार्वजनिक विद्यालय मा–¥50,000, निजीमा–¥250,000<br>① को[परिवार शुल्क धान्ने घरमुलीको बार्षिक आम्दानि ¥1,500,000 भन्दा कम हुन पर्ने]<br>※Если студент является иностранным гражданином, он / она не будет иметь права. |
| आबश्यक जानकारीका लागि | निम्न उच्च विद्यालयका विद्यार्थीहरु भर्ना गरिन्छन क्योउतो प्रेफेक्चर शिक्षा बिभाग निर्देशन माहाशाखा उमावि शिक्षण शाखा, क्योउतो प्रेफेक्चर संस्कृति बिभाग, संस्कृति शिक्षण शाखा |

| क्योउतो नगरपालिकाका उमाविमा अध्ययनरत विद्यार्थीलाइ दिन सक्ने आर्थिक सहयोगको ब्यबस्था | दिइने सहयोग |
| --- | --- |
| सम्बन्धित विद्यार्थी | क्योउतो सहर भित्र बसी जिबिका सुरक्षा शुल्क प्राप्त गरेको परिवारको छोराछोरी, बा कर तिर्न नपरेका एकल आमा अथवा बाबु भएको परिबारका छोराछोरी |
| सहयोग रकम | ● उमावि भर्ना शुल्क [पहिलो बर्षका लागि]<br>जिबिका सुरक्षा शुल्क प्राप्त गरेको परिबार र निजि उमावि जाने विद्यार्थी<br>निजि: पूर्ण दिवा: ¥110,000, निश्चित कालिन: ¥69,000, हुलाक-संचार: ¥45,000<br>कर तिर्न नपरेका परिबारका छोराछोरी<br>सार्वजनिक : ¥63,000<br>निजि: पूर्ण दिवा: ¥178,000, निश्चित कालिन: ¥137,000, हुलाक-संचार: ¥45,000<br>● छात्रवृत्ति [अध्ययन सामग्री आदि खरिद गर्नका लागि हुने सहयोग]<br>कर तिर्न नपरेका परिबार (जीविका सुरक्षा भुक्तानी प्राप्त गर्ने परिवारहरूका बाहेक)–बार्षिक ¥144,000 |

| उमावि विद्यार्थीका लागि छात्रवृत्तिको ब्यबस्था | दिइने सहयोग |
| --- | --- |
| सम्बन्धित विद्यार्थी | क्योउतो प्रेफेक्चर [क्योउतो नगरपालिका बाहेक] भित्र बस्ने र जिबिका सुरक्षा सुबिधा पाएका परिवारका छोराछोरी, अथवा नगरपालिका, गाउँ समिति आदि स्थानीय सरकारका कर तिर्न नपर्ने परिवारका [एकल आमाका बा बाबु] छोराछोरी |
| सहयोग रकम | # जिबिका सुरक्षा पाएका परिवारका छोराछोरी<br>● उमावि भर्ना शुल्क [पहिलो बर्षका लागि]<br>निजि: [पूर्ण दिवा] ¥110,000 , [निश्चित कालिन]: ¥69,000<br>● छात्रवृत्ति [अन्य प्रेफेक्चर तथा बिदेशी छात्र-छात्रा विद्यालय का विद्यार्थीलाई]<br>निजि: [पूर्ण दिवा] मासिक-¥19,000 सम्म वा विदेशी विद्यार्थीहरूका लागि विद्यालय<br># स्थानीय सरकारका कर तिर्न नपर्ने परिवारका छोराछोरी<br>● उमावि भर्ना शुल्क [पहिलो बर्षका लागि]<br>निजि: [पूर्ण दिवा] ¥178,000 , [निश्चित कालिन]: ¥137,000, हुलाक-संचार: ¥45,000<br>● अरु सहयोग: अध्ययन सामग्री शुल्क उमाविको हरेक बर्षमा बार्षिक ¥60,000 सम्म<br>● छात्रवृत्ति [अन्य प्रेफेक्चरका निजि उमावि र बिदेशी छात्र-छात्रा विद्यालय का विद्यार्थीलाई]<br>निजि: [पूर्ण दिवा] मासिक ¥33,000 सम्म, वा विदेशी विद्यार्थीहरूका लागि विद्यालय [निश्चित कालिन निजी उच्च विद्यालय] मासिक ¥24,000 सम्म<br>बिशेष सहयोग प्राप्त बिषय समूह भएको व्यवशायिक उमावि [चौथो र पाँचौ बर्ष मात्र]-मासिक ¥16,000<br>बिशेष सहयोग प्राप्त विद्यालय को उच्च कक्षामा [बिशेष बिषय समूह छोडेर] मासिक ¥14,000 |
| अन्य | अरु कुनै छात्रवृत्ति पाएको अबस्थामा दिइने रकम घटन सक्छ |
| आबश्यक जानकारीका लागि | क्योउतो प्रेफेक्चर स्वास्थ्य बिभाग, प्रेफेक्चर क्षेत्रीय समाज उत्थान माहाशाखा |

यो माथिका बाहेक विद्‌यालय  आउने जाने शुल्क , एकल आमा परिवार तथा आमा बा बाबु यातायात दुर्घटनामा परि मृत्यु भएका परिवारका लागि शुल्क  सहयोग ब्यबस्था छ/ रकम भने धेरै नभई दिन सक्ने व्यबस्थाको सिमा छ/ अरु बिस्तृत जानकारीका लागि क्योउतो प्रेफेक्चर क्योउतो नगरपालिका शिक्षण समिति को गृह-पृष्ठमा गइ [अध्ययनका लागि छात्रवृत्ति आदिको सहयोग शिर्षक] हेर्नु होला/

- क्योउतो प्रेफेक्चर शिक्षण समितिको गृह-पृष्ठ: https://www.kyoto-be.ne.jp/gakkyou/cms/?p=4092
  यहाँ जापानी, चिनिया, कोरियाली, अंग्रेजी आदि भाषामा पनि दिएको हुन्छ/
- क्योउतो नगरपालिका शिक्षण समितिको गृह-पृष्ठ: http://www.city.kyoto.lg.jp/kyoiku/
  यहाँ अहिले जापानी भाषामा मात्र छ/

## 9. अभिभावकसंग सम्बन्धित कुराहरु

माबि तेस्रो बर्षका विद्‌यार्थीलाई लगभग अब आफ्नो अगाडिको बाटो तय गर्ने बेला भएकोले अभिभावक हुनुहुने लाई केहि कुराको अनुरोध गर्नु छ/

1] अगाडिको बाटोको बारेमा आफ्नो केटाकेटी संग राम्ररी कुरा गरौँ/ पारिबारिक स्थितिको राम्रोसंग कुरा गरेर केटाकेटीको आफ्नो बिचारलाई पनि ध्यान दिउँ/ तर उनीहरुको सोचाइ पुग्न नसकेको अबस्थामा आफ्नो अनुभब बाट कुन ठिक लाग्छ त्यो राम्ररी भन्नु आबश्यक छ/

2] पास भएपछि भैहल्छ नि भन्नु भन्दा केटाकेटीको लागि छनोट गरेको बाटो उपयुक्त छ छैन, र आउने तिन बर्ष सरासर जान्छ बा जादैन आदि पछिको कुरा बिचार गरि परिक्षा दिने विद्‌यालयको निर्णय गरौँ/

3] आफ्नो घरमा अध्ययन गर्ने बानि बसालौं/ विद्‌यालय मा पदने त छदै छ, संग संगै घरमा पढ्ने बानि गरेको छैन भने उमावि को पढाइलाई अगाडी बढाउन सकिन्न/ उमावि को पढाई भनेको उछ स्तरको अध्ययन हो भन्ने कुरा राम्रो संग केटाकेटीलाई बताइदिनोस/

4] प्रवेश परिक्षा को समय असाध्य जाडो हुन्छ/ त्यसैले रुघा आदि नलागोस भनेर स्वास्थ्य अबस्था राम्रो राख्नु पर्दछ/

5] उमाविमा निबेदन दिने समय र तिथिमिति आदिको राम्रो संग ख्याल राखी त्यस अनुशार गर्नु पर्छ/ कुनै कम ढिलो हुन गयो भने फेरी प्रवेश परिक्षा दिन नसक्ने अबश्था पनि हुन सक्छ/ निबेदन, दरखास्त आदि लेखन आएन भने विध्यालयका शिक्षक संग सम्पर्क गर्नुहोला/

6] हरेक उमाविको प्रवेश परिक्षा सम्बन्धि जानकारी र निबेदन फारम आदि सम्बन्धित माध्यमिक विद्‌यालय भएर उमाविमा बुझाइन्छ/ गलत बा अस्पष्ट कुराहरु नपरुन भन्नेमा ध्यान दिन आबश्यक छ/ नबुझेको कुरा केहि भएमा जरुर पनि माध्यमिक विध्यालयका

शिक्षक संग सम्पर्क गर्नु होला/

7] केटाकेटिको अगाडिको बाटो राम्रो होस् र उनीहरु उत्साहित भएर लागुन भनि उनीहरुलाई हौसला दिने काम गरौं/

## सन्दर्भ सामग्री 1

### ⁎ सारो-गारो परेको बेलामा सोधपुछ गर्ने ठाउं

| क्योउतो नगरपालिका अन्तर्राष्ट्रिय गोष्ठी | |
|---|---|
| फोन | 075-752-1166(प्रशाशनबाट अनुबाद सहित) 075-752-3511 (कार्यक्रम शाखा) |
| कार्यक्रम | (1) प्रशाशन बाट अनुबाद सहितको सरसल्लाह (नव बर्षको बिदामा बाहेक)<br>⁎ क्योउतो नगरपालिकाको प्रशाशन संग सम्बन्धित संस्था संग बिदेशी नागरिकको टेलिफोन कुराकानी<br>⁎ बिदेशी नागरिकले प्रशाशनिक कार्य सम्बन्धित कागजपत्रको काम गर्नु परेमा यस सम्बन्धि सोधपुछ (फोन, सोझै गएर कुराकानी गर्ने बारे)<br>बिहान-9:00–दिउसो 5:00 सम्म मंगल, बिहि (अंग्रेजी), बुध र शुक्र (चिनिया)<br>(2) दैनिक जिबन सम्बन्धमा सुचना दिने<br>बिहान-9:00–दिउसो 9:00 सम्म (महिना अन्त र नव बर्षको बिदामा बाहेक) |

| क्योउतो नगरपालिका फुसिमी युवा केन्द्र | |
|---|---|
| फोन | 075-611-4910 |
| कार्यक्रम | ⁎बिदेशी युबाहरुलाई सहयोग (भेटघाट आदानप्रदान आदि कार्यक्रमको आयोजना)<br>⁎ जापानी भाषा कक्षा संचालन– शनि: बिहान 10:00–11:30 सम्म |

| क्योउतो प्रेफेक्चर अन्तर्राष्ट्रिय केन्द्र | |
|---|---|
| फोन | 075-681-4800 |
| कार्यक्रम | ① बहुभाषिक जीवन परामर्श(23 भाषाहरू)<br>**10:00～17:00** (मंगलबार, सार्वजनिक बिदा, र वर्षको अन्त्य र नयाँ वर्ष बिदाहरू बाहेक)<br>②विशेषज्ञ परामर्श (आरक्षण आवश्यक छ)<br>・भिसा परामर्श प्रत्येक महिनाको चौथो आइतबार 13:00～16:00<br>・कानुनी सल्लाह मिति र समय परामर्श पछि निर्णय गरिनेछ (प्रति व्यक्ति 30 मिनेट)<br>③जापानी कक्षाकोठा<br>④SNS (फेसबुक/लाइन/ट्विटर) मार्फत जानकारी प्रदान गर्नुहोस् |

| क्योउतो YMCA  APT (संयुक्त आबास) (एसियाली जनता संगसंगै) | |
|---|---|
| फोन | 075-431-0351 |
| कार्यक्रम | * फोनबाट कुराकानी: 075-451-6522<br>सोम: दिउसो 1:00–4:00 बिहि: दिउसो 3:00–6:00<br>* केटाकेटीको भेटघाट गर्ने कार्यक्रम, अध्ययनमा सहयोग आदि |

| बहु सांस्कृतिक सहकारी केन्द्र, क्योउतो | |
|---|---|
| फोन | 075-746-2374 |
| कार्यक्रम | * स्वास्थ्य उपचार सम्बन्धि भाषा अनुबाद, लेख अनुबाद, विद्यालय हरुमा अतिथि प्रबचनका लागि पठाउने ब्यबस्था |

| क्योउतो जापानी भाषा RINGS (क्योउतो प्रेफेक्चर भित्र जापानी भाषा अध्यापन कक्षाको संजाल) | |
|---|---|
| कार्यक्रम | * गृहपृष्ठमा क्योउतो प्रेफेक्चरमा भएका जापानी भाषा कक्षाहरुको बारेमा बिभिन्न भाषामा जानकारी दिएको हुन्छ/ |

**सन्दर्भ सामग्री 2**

## • 'अगाडिको बाटो' सम्बन्धि केहि शब्दावली

**अगाडिको बाटो सम्बन्धि जानकारी दिने मिटिंग**–माविका शिक्षकले विद्यार्थी र अभिभावक लाई अगाडिको बाटो बारे जानकारी दिने मिटिंग हो/ कक्षा अनुशार मिटिंगको आयोजना गर्ने चलन बढी छ/

**त्रिपक्षीय भेटघाट र अगाडीको बाटो सम्बन्धि सरसल्लाह**–माविका सम्बन्धित शिक्षक, अभिभावक र विद्यार्थी भएर अगाडिको बाटो बारे दैनिक जीवनका कुरा अनि अगाडिको बाटो बारे छलफल सरसल्लाह गर्दछन/

**निबेदन/ दरखास्त–**प्रवेश परिक्षा दिनको लागि तयार गर्न पर्ने कागज पत्र हो / ठेगाना, जन्मेको बर्ष, बसोबास दर्ता प्रमाणपत्र (विदेशीका हकमा बिदेशी बसोबास दर्ता प्रमाण पत्र बा बस्दै गरेको कुनै परिचय पत्र) अनुसार ठिक व्यहोरा दिएर लेख्नु पर्छ/ फेरी यदि कुनै बिदेशी विद्यार्थी ले जापानी नाम राखेर माबि मा अध्ययन गरेको हो भने उक्त जापानी नाम बाटनै निबेदन राख्न सक्छ/ सम्बन्धित शिक्षकलाइ आफ्नो कुरा राम्रोसंग भनौं/ दर्खास्त निबेदन उमावि मा दिने कुरालाई 'निबेदन दर्ता गर्ने' भनिन्छ/ त्यसबेला परिक्षा शुल्क आबश्यक हुनेछ/

**सार्वजनिक उमाविको 'स्कूल परिधि'** –सार्वजनिक उमाविहरुले विध्यार्थीको अभिभावक बसेको स्थान अनुसार जान सक्ने उमाविको घेरा तोकेका छन/ यो घेरा लाइ 'स्कूल परिधि' भनिन्छ/ क्योउतोमा जम्मा 5 वटा स्कुल परिधि छन्/ आफु कुन स्कुल परिधिमा छु भन्ने कुरा पनि जानी राखौं/

**लब्धांक प्रतिबेदन–**माबिले विद्यार्थीको प्राप्तांक, क्लब क्रियाकलाप, अरु बिशेष क्रियाकलाप, आदि का बारेमा विवरण दिएको कागजपत्र हो/ यो प्रवेश परिक्षा जतिकै महत्व भएको चिज हो/

**व्यक्ति छनोट बिधि–**परिक्षा दिने विद्यार्थी बाट हरेक विद्यालय को तोकिएको सिट अनुशार उतिर्ण हुने विद्यार्थीको छनोट गर्ने बिधि हो/

## अन्तमा

भर्खरै बाहिरबाट जापान फर्किएका बालबालिका, विद्यार्थी भाइ बहिनीहरुका लागि क्योउतो सम्पर्क केन्द्र (क्योउतो लेन्लाकु काइ) ले बिभिन्न भाषामा अगाडिको बाटो सम्बन्धि सल्लाह र जानकारी दिन सुरु गरेको हो/ सन 2012 (हेइ-सेइ 24) बाट क्योउतो नगरपालिका शिक्षा निर्देशन समिति बाट यो कार्यक्रम आयोजना गरिदै आएको छ/

यो कार्यक्रममा क्योउतो नगरपालिकाले स्थापना गरेका सार्वजनिक माबिको शिक्षा उन्नयन समिति अन्तर्गत मार्ग निर्देशन इकाईका शिक्षक देखि अरु धैरै माहानुभाबहरुको सहयोग छ/ यो सामग्री पनि बिदेश पृष्ठभूमि भएका विद्यार्थीलाई सहयोग गरौ भन्ने भावनाले बिभिन्न व्यक्तिहरु बाट सहकार्य गरि तयार भएको हो/ केटाकेटीहरु आफ्नो भबिष्य बारे आशाबादी भएरअगाडी हिड्ने बाटो तय गर्नको लागि यसले केहि भने पनि सहयोग पुरयाउनेछ भनि आशा गरेका छौं/

**भर्खरै बाहिरबाट जापान फर्किएका बालबालिका, विद्यार्थी भाइ बहिनीहरुका लागि क्योउतो सम्पर्क केन्द्र (तोकिमेकी)**

तोकिमेकी सन् 2003 मा क्योउतोमा स्थापना भएको एक सम्पर्क केन्द्र हो / यहाँ आफ्नो कामको सिलसिलामा अभिभावक विदेश बसेर फर्किएका बा भर्खरै विदेशबाट आएका, अन्तरदेशीय बिबाहबाट जन्म भएका जस्ता धैरै बा थोरै जापानी भाषामा कठिनाई भएका बालबालिका तथा विद्यार्थीहरुको मर्का लाइ ख्याल गरेर संस्था र व्यक्तिहरु मिलि यो साझा समस्यामा सहकार्य गरौँ भनि गठन गरेको एक संजाल हो /

विद्यालय , शिक्षक तथा अन्य संस्था, NPO, NGO र स्वयंसेवक आदि यसका सदस्य छन/

**सहभागी संस्थाहरु:**

क्योउतो शिक्षण विश्व विद्यालय -मोमोयामा माध्यमिक विद्यालय
क्योउतो युबा सेवा सहयोग केन्द्र (क्योउतो युसु साबिसु क्योउकाइ) क्योउतो
नगरपालिका फुसिमी युवा केन्द्र (क्योउतो फुसिमी सेइ स्योउ नेन् काच दोउ सेन्ता)
क्योउतो YWCA–APT
क्योउतो अन्तर्राष्ट्रिय गोष्ठी केन्द्र